# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, असार ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क २६


## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७९ सालको ऐन नं. १२

### <u>सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>ः** सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः** (१) यस ऐनको नाम "सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २ मा संशोधनः</u>** सामाजिक सुरक्षा ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) झिकिएको छ।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "एकल महिला" भन्नाले सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, विधवा, न्यायिक पृथकीकरण गरी बसेका, लगातार बाह्र वर्षदेखि पतिको सम्पर्कमा नरहेका, लैङ्गिक हिंसामा परी विवाहित वा अविवाहित रुपमा एक्लो जीवन व्यतित गरी रहेका वा चालीस वर्ष उमेर पूरा भएका विवाह नगरेका महिला सम्झनु पर्छ।"

३. **<u>मूल ऐनको दफा ४ मा संशोधनः</u>** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "सत्तरी वर्ष" भन्ने शब्दहरुको सट्टा "अठसट्ठी वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "कुनै निश्चित क्षेत्र तोकी त्यस्तो बसोवास" भन्ने शब्दहरुको सट्टा "पिछडिएको क्षेत्रका साथै कुनै निश्चित क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बसोबास" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. <u>असहाय एकल महिला भत्ता</u>ः देहायका एकल महिलाले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले तोकेको असहाय एकल महिला भत्ता पाउनेछन्ः-

(क) विधवा,

(ख) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेकोभन्दा न्यून आय भएका र पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा त्यस्तो सदस्य भए पनि आर्थिक रुपले विपन्न अवस्थामा रहेका वा त्यस्तो सदस्यले पालन पोषण नगरेका अन्य एकल महिला ।"

**५.** **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८. <u>अपाङ्गता भत्ताः</u> अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम पूर्ण अशक्त अपाङ्गता वा अति अशक्त अपाङ्गताको परिचयपत्र प्राप्त गरेका नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको अपाङ्गता भत्ता पाउनेछन् ।"

**६.** **<u>मूल ऐनमा दफा १२क.थपः</u>** मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः-

"१२क. <u>सामाजिक सुरक्षा नलिनेलाई सम्मानः</u> दफा १२ को उपदफा (६) वा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सामाजिक सुरक्षा पाउने व्यक्तिले त्यस्तो सामाजिक सुरक्षा नलिने स्वेच्छिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घोषणा गरेमा त्यस्तो व्यक्तिलाई प्रशंसापत्रसहित तोकिए बमोजिम सम्मान गरिनेछ ।"

७. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. <u>सामाजिक सुरक्षा भत्ता नपाउनेः</u> देहाय बमोजिमको व्यक्तिले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउने छैनः-

(क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित वा मनोनित भई बहाल रहेको व्यक्ति,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेको व्यक्ति ।"

८. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कसैले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमको कसूर गरेमा वा खण्ड (ङ) बमोजिम गलत विवरण पेश गरी वा जानी जानी गलत सिफारिस पेश गरी रकम लिएमा त्यस्तो व्यक्तिले लिएको रकम असुल गरी निजलाई बिगो बराबर जरिबाना हुनेछ ।"

९. **<u>खारेजी र बचाउः</u>** (१) सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मिति: २०७९।०३।३१

**आज्ञाले,**
**उदयराज सापकोटा**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।